## श्री जनसंख्या तथा वातावरण मन्त्रालय,सिंहदरवारमा पेश गरेको स्थलगत निरिक्षणको प्रतिवेदन ।

रिट निवेदक नारायण प्रसाद देवकोटा विपक्षी यस मन्त्रालय समेत भएको रिट निवेदनको सम्वन्धमा सम्मानित सर्वोच्च अदालतको फैशला बमोजिम रोडा ढुंगा, गिट्टीको संकलन तथा उत्खनन् एवं अनुगमन गर्नको लागि नेपाल सरकार माननिय मन्त्री स्तरीय निर्णयानुसार यस मन्त्रालयको वातावरण महाशाखाको प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको प्राविधिक समिति गठन भएको ।

क) संयोजक, वातावरण महाशाखा, सहसचिव, जनसंख्या तथा वातावरण मन्त्रालय
ख) सदस्य, सि.डि.इ माइनिङ्ग, खानी तथा भूगर्भ विभाग
ग) सदस्य, जियोलोजिष्ट, खानी तथा भूगर्भ विभाग
घ) सदस्य, विभागीय प्रमुख, वातावरण विभाग,त्रि.वि
ङ) सदस्य प्रतिनिधी,उपसचिव(प्रा.) बन तथा भूसंरक्षण मन्त्रालय
च) सदस्य-सचिव उपसचिव(कानुन) जनसंख्या तथा वातावरण मन्त्रालय

खानी तथा भूगर्भ विभागको प.सं ०७३।०७४ च.नं. मिति २०७३।०७।०३ को पत्रबाट धादिङ जिल्ला वैरनी गा.वि.स.वडा नं ९ बस्ने श्री कृष्णहरी श्रेष्ठले सोही गा.वि.स वडा नं ९ मा वालुवा खानी सञ्चालनको लागि पेश गर्नु भएको IEE प्रतिवेदन स्वीकृतिको लागि सिफारिश गरी पठाएको व्यहोरा उल्लेख गरिएको पत्र प्राविधिक समिति समक्ष पेश हुन आएको ।

प्राविधिक समितिको मिति २०७३।०७।२४ गते बसेको वैठकले समितिका सदस्यहरुबाट देहायका विषयमा केन्द्रित रही निरिक्षण गर्ने कार्यक्रम तय भएको ।

- हाल प्रस्ताव गरिएको स्थान नेपाल सरकारले रोडा ढुंगा खानी लगायतका उद्योगको लागि तोकेको मापदण्ड भित्र पर्छ वा पर्दैन सोको अध्ययन गर्ने
- उक्त खानी उद्योग स्थापना गरी सञ्चालन गर्दा त्यसबाट उल्लेखनिय रुपमा वातावरणीय प्रभाव पर्न सक्छ वा सक्दैन स्थानीय रुपमा छलफल समेत गरी आफ्नो राय सुझाव सहितको स्थलगत प्रतिवेदन पेश गर्ने ।

समितिको निर्णय बमोजिम समितिका सदस्यबाट मिति २०७३।०७।०२ उद्योग सञ्चालनको लागि प्रस्ताव गरिएको स्थानको स्थलगत अध्ययन गर्दा देहाय बमोजिम भएको पाइयो :-

- उक्त ढुंगा खानी उद्योग रहन प्रस्ताव गरिएको स्थान धादिङ जिल्ला वैरनी गा.वि.स. वडा नं ९ पृथ्वी राजमार्ग अन्तरगतको वैरनी बजारबाट दक्षिण पश्चिम तर्फ करिव एक किलो मिटरको

दुरीमा निवेदकको स्वामित्व तथा अन्य व्यक्ति सँग लिजमा लिएको कि.नं ८,९,१० र ११ लगायतको करिव ३० रोपनी जमिनमा वालुवा खानी सञ्चालनको लागि प्रस्ताव गरिएको देखियो





(प्रस्तावित स्थान)

➢ प्रस्तावित उद्योगको पूर्व तर्फ केहि भिरालो भाग रहेको तल्लो भागमा वाटो समेत रहेको देखिन्छ ।



➢ प्रस्तावित उद्योग रहने स्थानको उत्तर तर्फ करिव एकसय पचास मिटरको दुरीमा केही मानिसहरु वसोवास गर्दै आएको अस्थायी टहरा र नेपाल विद्युत प्राधिकरणको पोलहरु रहेको पाइयो ।



- प्रस्तावित वालुवा खानी उद्योग सञ्चालनको लागि तय भएको जग्गाको पश्चिम तर्फको भागको नजिकै खानेपानीको पाइप रहेको देखियो ।



- निवेदकले पेश गरेको IEE प्रतिवेदनमा निवेदकको स्वामित्वमा रहेको जग्गा मध्येबाट दायाँ वाँया तर्फ खानी तथा खनिज पदार्थ नियमावली, २०५६ अनुसार केहि भाग छोडि खानी उत्खनन् योजना स्वीकृत गरिएको देखिन्छ ।
- प्रस्तावित उद्योगको स्थानसम्म जाने मोटरवाटो रहेको र सो स्थानबाट करिव पाँचसय मिटर तल केही मानव वसोवास गर्ने घरहरु समेत रहेको देखिएको ।
- उक्त स्थान खानी तथा खनिज पदार्थ ऐन, २०४२ तथा नियमावली, २०५६ अनुसार नेपाल सरकारले तोकेको अन्य मापदण्डहरु पुरा भएको पाइयो ।

**<u>समितिको निश्कर्ष एवं सुझावहरु:</u>**

खानी तथा भूगर्भ विभागबाट आइ.इ.ई प्रतिवेदन स्वीकृतिको लागि पेश हुन आएको फाइलमा संलग्न कागजातहरुको अध्ययन तथा वालुवा खानी उद्योग स्थापना गर्न प्रस्ताव गरिएको ठाँउमा गरिएको स्थलगत निरिक्षण तथा उद्योग सञ्चालकसँग गरिएको कुराकानीको आधारमा देहाय बमोजिम हुनको लागि सुझाव पेश गरेका छौ :-

- प्रस्तावित उद्योग सञ्चालनको लागि प्रस्तावकले पेश गरेको स्वीकृत खानी उत्खनन् योजना अनुसारको स्थानमा मात्र खानी सञ्चालन गर्नु पर्ने ।
- प्रस्तावित स्थानको पश्चिम तर्फ रहेको खानेपानीको पाइपलाई असर नपर्ने गरि खानी सञ्चालन गर्नु पर्ने ।
- खानी उत्खनन् गर्दा भिरालो भागबाट माटो बगेर मानव वस्ती र राजमार्गमा असर पर्न सक्ने भएकोले खानीबाट निस्कने माटोको उचित व्यवस्थापन गर्नु पर्ने ।
- प्रस्तावित स्थानको नजिकै रहेका घरहरु तथा विद्युतको पोललाई स्वीकृत माइनिङ्ग स्किम अनुसार कुनै पनि असर नपर्ने गरी उद्योग सञ्चालन गर्नु पर्ने ।
- प्रस्तावित स्थानबाट नजिकै घरहरु र राजमार्ग उद्योगको सञ्चालन पश्चात उद्योग तथा सवारी साधनबाट ती घरवस्तीमा धूवाँ धुलोको कारण असर पर्न सक्ने देखिदा धूवाँ धूलो नपुग्न गरी सञ्चालकबाट उपयुक्त व्यवस्था मिलाउनु पर्ने ।
- माथि उल्लेखित अवस्थाहरु बाहेक प्रस्तावित खानी उद्योग स्थापना गर्न प्रस्ताव गरेको स्थान नेपाल सरकारले खानी उद्योगको लागि तोकेको सवै मापदण्ड पुरा गरेको पाइएको ।

**<u>प्रतिवेदकहरु</u>**

| ........................ | ................................. | ...................................... |
|---|---|---|
| पुरुषोत्तम नेपाल | दीनेश नापित | नारायणराज तिमिल्सिना |
| उपसचिव, कानुन | सि.डि.इ जियोलोजिष्ट | सहसचिव |
| जनसंख्या तथा वातावरण मन्त्रालय | खानी विभाग | जनसंख्या तथा वातावरण मन्त्रालय |